## अनुसूची - २

(दफा ४ तथा अनसूची—१ को भाग—२ सँग सम्बन्धित)


# भीरकोट राजपत्र

## भीरकोट नगरपालिकाद्धारा प्रकाशित

खण्ड १ संख्या ९ मितिः २०७५/१०/०४

भाग-१

भीरकोट नगरपालिका


भीरकोट नगरपालिका

# नगर प्रहरी सम्बन्धी ऐन, २०७५

**नगर सभाबाट स्वीकृत मितिः २०७५/१०/०४**

**प्रस्तावनाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (१) ले दिएको अधिकार प्रयोग गरी भीरकोट नगरपालिकाले यो "नगर प्रहरी सम्बन्धी ऐन, २०७५ बनाई लागू गरेको छ ।

### परिच्छेद — १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यो ऐनको नाम "नगर प्रहरी सम्बन्धी ऐन,२०७५"रहेको छ ।

ख. यो ऐन भीरकोट नगर सभाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः‘**

क. “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

ख. “नगरपालिका” भन्नाले भीरकोट नगरपालिकालाई सम्झनु पर्दछ ।

ग. “कार्यालय” भन्नाले नगरपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

घ. “समिति” भन्नाले भीरकोट नगरपालिकाको यस ऐन बमोजिम गठित पदपूर्ति समितिलाई सम्झनु पर्दछ।

ङ. “नगर प्रहरी” भन्नाले भीरकोट नगरपालिकाबाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ ।

च. “भत्ता” भन्नाले भीरकोट नगरपालिकाले समय समयमा तोकिदिए वमोजिमको भत्तालाई सम्झनु पर्दछ।

छ. “आर्थिक वर्ष” भन्नाले श्रावण १ गते देखि शुरु भई आषाढ मसान्तमा सम्मको १ वर्षको अवधिलाई सम्झनु पर्दछ ।

ज. “कार्यपालिका” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गठन हुने नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

झ. “नगर सभा” भन्नाले भीरकोट नगरपालिकाको सभा सम्झनु पर्दछ ।

ञ. “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले नेपाल सरकारद्धारा प्रमुख प्रशासकीय अधिकृतको रुपमा भीरकोट नगरपालिकामा कामकाज गर्न खटाईएको अधिकृतलाई सम्झनु पर्दछ ।

ट. “तोकिएको” वा “तोकिए वमोजिम” भन्नाले नगर कार्यपालिकाले समय समयमा निर्णय गरी तोकिएको वातोकिए बमोजिम सम्झनु पर्छ ।

ठ. “जवान” भन्नाले भीरकोट नगरपालिकाले जवान पदमा नियूक्ती गरेको प्रहरीलाई सम्झनु पदर्छ।

ड. “प्रहरी ऐन” भन्नाले नगर सभाले स्वीकृत गरेको नगर प्रहरी सम्बन्धी ऐन, २०७५ लाई सम्झनु पर्दछ ।

भीरकोट नगरपालिका

## परिच्छेद २

## नगर प्रहरी सेवा गठन, रेखदेख र नियन्त्रण

**३. नगर प्रहरी सेवाको गठनः**(१) नगरपालिकामा एक नगर प्रहरी सेवा समुह रहने छ । नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारीहरुको संख्या सभाले तोके बमोजिम हुनेछ।

**४. नगरपालिकामा रहने नगर प्रहरीको पद र तहः**(१) नगर प्रहरीमा रहने नगर प्रहरीको पद र तह नगर सभाबाट स्वीकृत भए बमोजिम हुनेछ ।

(२) नगरपालिकाले प्रत्येक पदको कार्य विवरण बनाई लागू गरिनेछ र त्यसरी लागू भएको कार्य विवरणमा नगर प्रहरीको काम, कर्तव्य, अधिकार, जिम्मेवारी र उत्तरदायित्व उल्लेख गरिनेछ ।

## परिच्छेद — ३

## नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

**५. नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

क. नगरपालिकाको नीति, नियम, निर्देशिका, कार्यविधी, मापदण्ड तथा निर्णयको कार्यान्वयन गर्ने,

ख. नगरपालिकाको नाममा रहेको चल अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

ग. स्थानीयस्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वमा आवश्यक सुरक्षाको प्रवन्ध मिलाउने,

घ. स्थानीय हाटबजार तथा पार्किङ्गस्थलको रेखदेख र व्यवस्थापन गर्ने,

ङ. नगर सरसफाई सम्बन्धी मापदण्ड कार्यान्वयनका लागि आवश्यक सम्पूर्ण कार्य गराउने,

च. न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णय कार्यान्वयन गर्ने/गराउने कार्यमा सहयोग गर्ने,

छ. सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, धार्मिक तथा सांस्कृतिकसम्पदा र भौतिक पूर्वाधारहरुको संरक्षण र सुरक्षा गर्ने,

ज. विपद् व्यवस्थापन सम्बन्धी खोज, उद्धार, राहत तथा पुर्नस्थापना सम्बन्धी कार्य गर्ने,

झ. नगर क्षेत्रमा राखिएका अनाधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रण र व्यवस्थापन गर्ने गराउने,

ञ. छाडा चौपायको नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

ट. मापदण्ड विपरित अनाधिकृत रुपमा निर्माण गर्न लागेका सार्वजनिक सम्पत्तिको अतिक्रमण गरि वन्न लागेका संरचनाहरुको रोकथाम तथा नियन्त्रण गर्ने,

ठ. सार्वजनिक आवागमनमा बाधा पुऱ्याउने गरी बजार क्षेत्रमा राखिएका सामाग्रीहरु तत्काल हटाउने व्यवस्था मिलाउने।

ड. सार्वजनिक जग्गा, बाटो, पुल-पुलेसा, मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी, चौपारी, खोला मिचि कसैले घर कम्पाउण्ड टहरा वात्यस्तै अन्य निर्माण कार्य भए गरेको सम्बन्धमा नगर प्रमुखको आदेशानुसार गर्ने/गराउने।

ढ. नगर क्षेत्रमा अनियमित रुपमा नक्शा पास नगरी र नक्शा पास गरी निर्माण भएका संरचनाहरुको विषयमा प्रमुख प्रशासकीय अधिकृतले दिएको निर्देशन अनुसार गर्ने।

ण. जनस्वास्थ्यमा प्रतिकुल असर पार्ने, म्याद गुज्रेका वा गुणस्तरहिन खाद्य सामाग्रीहरुको विक्रि वितरण गरेको पाइएमा त्यसको प्रतिवेदन नगरपालिकामा पेश गर्ने ।

त. जनस्वास्थ्यलाई प्रतिकूल असर पर्ने स्थानमा पशुपन्छीजन्य वस्तुहरुको विक्रि वितरणमा रोक लगाउने र कसैले प्रचलित कानूनको प्रतिकुल हुने गरी पशुपन्छीको वध गरेमा तत्काल कारवाहीको लागि नगरपालिकामा पेश गर्ने ।

थ. नगरपालिकामा रहेका भुस्याहा कुकुरको नियन्त्रण र मृत्यू भएका जिवजन्तुको व्यवस्थापन गर्ने।

द. नगर क्षेत्रमा रहेका खतरा जन्य घर, पर्खाल, टहरा र रुख विरुवा कटान गर्नका लागि नगरपालिकामा सिफारिस गर्ने ।

ध. नगरपालिकामा दर्ता नभई संचालनमा रहेका व्यापार व्यवसायलाई दर्ता तथा नविकरण गरे नगरको सम्बन्धमा अनुगमन गरी दर्ता तथा नविकरण गर्न लगाउने ।

न. नगरपालिका भित्र प्रचलित कानून वा नगरपालिकाको अनुमति वेगर राखिएका व्यानर, विज्ञापन, होडिङ्ग बोर्ड, पोष्टर, भित्ते लेखन लगायतका सामाग्री हटाउनका लागि नगरपालिकामा सिफारिस गर्ने।

प. नगरपालिकाको आयोजनामा हुने सभा, सम्मेलन, तालिम लगायतका कार्यमा आवश्यक शान्ति सुरक्षाको व्यवस्था मिलाउने ।

फ. नगरपालिका भित्र रहेका उद्योग व्यापार व्यवसायहरुले प्रचलित कानून बमोजिम मूल्य सूची राखे नराखेको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्ने।

ब. नगरपालिका भित्र संचालनमा रहेको होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, ब्यूटीपार्लर लगायतका व्यवसायहरु प्रचलित कानूनले तोकेको मापदण्ड अनुरुप भए नभएको अनुगमन गरी कानून विपरित संचालनमा रहेको पाइएमा कारवाहीको लागि नगरपालिकामा सिफारिस गर्ने ।

भ. नगर क्षेत्र भित्र रहेका सार्वजनिक तथा निजी स्थानमा जुवा तास खेल्ने र मदिराजन्य पदार्थको विक्री वितरणमा नगरपालिकाको निर्णयानुसार नियन्त्रण र व्यवस्थापन गर्ने कार्यमा सहयोग गर्ने।

म. सार्वजनिकस्थल लगायतका क्षेत्रहरुमा अरुलाई वाधा पुग्ने गरी लाउड-स्पिकर, रेडियो लगायतका ध्वनी प्रदुषण गर्ने कार्यलाई नियन्त्रण गर्ने।

य. नगर क्षेत्रमा आइपर्ने दैविक प्रकोप,महामारी लगायतका कार्यमा तत्काल खटिई आवश्यक रोकथामको व्यवस्था गर्ने।

र. प्रमुख प्रशासकिय अधिकृतबाट भएको निर्देशन बमोजिमका सम्पूर्ण कार्यहरु गर्ने/गराउने ।

## परिच्छेद — ४
## तह विभाजन र पदपूर्ति

६. **नगर प्रहरीको दरवन्दी सिर्जनाः** (१) नगरपालिकामा रहने नगर प्रहरीको दरवन्दीको सिर्जना र खारेजी नगर सभाको निर्णय बमोजिम हुनेछ ।

(२) नगर प्रहरीको दरवन्दीको सिर्जना गर्दा त्यस्तो दरवन्दीमा रहने पदले गर्ने कार्य विवरण तयार गरी नगर सभामा पेश गर्नु पर्नेछ ।

७. **नगर प्रहरीमा रहने पदहरुः**(१) नगर प्रहरीको देहाय बमोजिमका पदहरु रहनेछन् ।

क. नगर प्रहरी सहायक निरीक्षक

ख. नगर प्रहरी हवल्दार

ग. नगर प्रहरी जवान

**८. नगर प्रहरी नियुक्तिः**(१) नगर प्रहरीको नियूक्ती गर्न देहाय बमोजिम पदपुर्ति समिति रहनेछ।

क. प्रमुख प्रशासकिय अधिकृत - संयोजक

ख. नगर भित्र रहेका सुरक्षा निकायको प्रमुख - सदस्य

ग. नगरपालिका प्रशासन शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम नगर प्रहरी नियूक्ती गर्दा खुल्ला प्रतियोगिताद्वारा गरिनेछ ।

तर यस ऐनमा जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिकाले करार सेवामा लिई कामकाज लगाउन बाधा पर्ने छैन ।

(३) उपदफा (२) बमोजिम खुल्ला प्रतियोगिताद्धारा पदपुर्ति गर्दा देहाय बमोजिम प्रतिशतको निर्धारण गरी गर्नु पर्नेछ ।

क. खुला प्रतियोगिता - ४५%

ख. महिला तर्फ - ३३%

ग. आदिवासी/जनजाति तर्फ - २७%

घ. मधेसी तर्फ - २५%

ङ. दलित तर्फ - १५%

**स्पष्टीकरणः** यस ऐनको प्रयोजनको लागि महिला आदिवासी, जनजाती, मधेसी र दलित भन्नाले आर्थिक रसामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी-जनजाति, मधेसी र दलितलाई सम्झनु पर्छ ।

(४) उपदफा (३) वमोजिम पदपूर्ति गर्ने प्रयोजनका लागि आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका महिला,आदिवासी-जनजाति, मधेसी र दलित समुदायको विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके वमोजिम हुनेछ ।

(५) उपदफा (३) वमोजिम छुटयाइएका पदको लागि दरखास्त पेश गर्दा देहायवमोजिमका प्रमाण संलग्न गर्नुपर्नेछ ।

क. आदिवासी/जनजातिको सूचीमा स्पष्ट खुलेको जाति वाहेक अन्य जातिको हकमा नेपाल आदिवासी-जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट प्रमाणित गरेको प्रमाणपत्र ।

ख. मधेसीका लागि राष्ट्रिय मधेसी आयोगबाट मधेसी भनी प्रमाणित गरेको प्रमाणपत्र ।

ग. दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित गरेको प्रमाणपत्र ।

(६) उपदफा (३) वमोजिम छुट्याइएको कुनै पदमा दरखास्त नपरेमा वा आवश्यक संख्यामा उम्मेदवार उत्तीर्ण नभएमा त्यस्तो पदमा खुल्ला प्रतियोगितामा सहभागी भई उत्तिर्ण भएका उम्मेदवारहरु मध्येबाट पदपूर्ति गरिनेछ ।

९. **उम्मेदवारको योग्यताः** (१) नगर प्रहरी पदको लागि न्यूनतम योग्यता देहाय बमोजिम हुनेछ।

क. १८ वर्ष पुरा भई र २४ वर्ष ननाघेको।

तर खुल्ला प्रतियोगितामा भाग लिने वहालवाला नगर प्रहरीको हकमा ४० वर्ष ननाघेको।

ख. सहायक निरीक्षक पदको हकमा मान्यता प्राप्त विश्वविद्यालयबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण र अन्य पदको हकमा एस.एल.सी वा सो सरह उतिर्ण गरेको ।

ग. नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

घ. कुनै राजनीतिक दलको सदस्य नरहेको ।

ङ. प्रचलित कानून बमोजिम शारीरिक रुपमा तन्दुरुस्त रहेको,

च. स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र ।

छ. नेपाली नागरिकता प्रमाणपत्र ।

(२) उपदफा (१) खण्ड क मा जुनसुकै कुरा लेखिएको भएतापनि करार सेवाबाट लिईने नगर प्रहरीको उमेरको हद ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

१०. **पदपूर्ति समितिको काम, कर्तव्य र अधिकारः** (१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. ऐनको दफा ८ उपदफा (३) ले तोके बमोजिमको प्रतिशत निर्धारण गर्ने ।

ख. पाठ्यक्रम तर्जुमा, हेरफेर तथा परिमार्जन गर्ने ।

ग. पदपूर्ति कार्यतालिका बनाउने ।

घ. विज्ञापन प्रकाशन गर्ने ।

ङ. शारिरीक तन्दुरुस्ती परीक्षा संचालन गरी लिखित परीक्षाको लागि संख्या निर्धारण गरी नतिजा प्रकाशन गर्ने ।

**११. सूचनाको म्यादः** (१) पदपूर्तिका लागि विज्ञापन गर्दा दरखास्त पेश गर्न १५ दिनको म्याद दिई राष्ट्रियस्तरको पत्रिकामा सूचना प्रकाशित गर्नु पर्नेछ ।

**१२. परीक्षणकालः** (१) नयाँ नियुक्त गरिएका नगर प्रहरी कर्मचारीलाई एक वर्षको परीक्षणकालमा राखिनेछ । सो अवधिमा नगर प्रहरी कर्मचारीले सन्तोषजनक काम नगरेमा नगर प्रहरी प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले थप छ महिना परीक्षणकालमा राख्न सक्नेछ। महिला नगर प्रहरी कर्मचारीको हकमा ६ महिना मात्र परिक्षणकाल रहनेछ।

## परिच्छेद — ५

## विदा

**१३. विदाः**(१) नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन ।

(२) कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफ्नो तजबीजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ साथै आवश्यक परेमा विदामा वसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

(३) विदाको किसिमहरुः (१) नगर प्रहरीले देहाय वमोजिमका विदा पाउनेछनः

क. भैपरी आउने र पर्व विदा

ख. किरिया विदा

ग. प्रसुती विदा

घ. विरामी विदा

**१४. विदा स्वीकृत नगराई घर वस्ने नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउनेः** (१) यस ऐन वमोजिम विदा स्वीकृत नगराई बस्ने नगर प्रहरी कर्मचारी कार्यालयमा हाजिर हुन पाउने छैन।

(२) उपदफा (१) को उल्लंघन गर्ने नगर प्रहरीलाई सेवाबाट हटाउन सक्नेछ ।

**१५. पर्व/भैपरी विदाः** (१) नगर प्रहरी कर्मचारीले प्रत्येक वर्ष भैपरी र पर्व गरी १२ दिन विदा पाउनेछ।



भीरकोट नगरपालिका

(२) पर्व/भैपरी आउने विदा साधारणतः एक पटकमा २ दिनमा नबढाई लिन पाइने छ ।

(३) एक आर्थिक वर्षको पर्व/भैपरी आउने विदा अर्को आर्थिक वर्षलाई संचित हुने छैन ।

(४) पर्व/भैपरी विदा वसेका नगर प्रहरी कर्मचारीहरुले पूरा तलव/भत्ता पाउनेछ ।

(५) पर्व/भैपरी विदा शनिवार वाहेक अरु विदाहरुसँग मिलाई लिन पाइने छैन ।

१६. **किरिया विदाः**(१) नगर प्रहरी कर्मचारीले आफैं किरियामा वस्नु परेमा कुल/धर्म र परम्परागत संस्कार अनुसार वढीमा १५ दिन किरिया विदा पाउनेछ। यस्तो विदा महिला नगर प्रहरी कर्मचारीलाई पनि दिईनेछ ।

(२) यस्तो किरिया विदा बस्ने नगर प्रहरी कर्मचारीले पूरा तलब/भत्ता पाउनेछ ।

१७. **प्रसूती विदाः** (१) महिला नगर प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी ६० दिन प्रसूती विदा पाउनेछ ।

(२) प्रसूती विदा वस्ने महिला नगर प्रहरी कर्मचारीले पूरा तलब/भत्ता पाउनेछ ।

(३) प्रसूती विदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ ।

१८. **विरामी विदाः** नगर प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिन विरामी विदा विदा पाउने छ।

१९. **विदा दिने अधिकारीः**नगर प्रहरीलाई दिने सम्पूर्ण विदाहरु प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत गर्नेछन् ।

२०. **कार्यालयमा अनुपस्थित हुने उपर कारवाहीः** विदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल र तलवकट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ । यसरी गयल भएको अवधिसेवा अवधिमा गणना हुने छैन ।

२१. **विदाको अभिलेखः** विदा दिने अधिकारीले आफ्नो मातहतका सबै नगर प्रहरी कर्मचारीको विदाको अभिलेख किताव खडा गरी लगत राख्ने र प्रशासन शाखालाई १५ दिन भित्र अनिवार्य लिखित जानकारी दिनुपर्नेछ ।

भीरकोट नगरपालिका

## परिच्छेद - ६

## अनुशासन तथा आचरण

२२. नगर प्रहरीको अनुशासन तथा आचरण सम्बन्धी व्यवस्था निजामति सेवा ऐन तथा नियमावली बमोजिम हुनेछ ।

## परिच्छेद - ७

## सजाय र पुनरावेदन

२३. **सजायः** उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछः

क. नसिहत दिने ।

ख. तलव वृद्धि रोक्का गर्ने ।

ग. तल्लो तहमा घटुवा गर्ने

घ. लापरवाही गरी नगरपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टी गरी असुलगर्ने ।

ङ. भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

च. भविष्यमा स्थानीय तहमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

२४. **नसिहत दिनेः** (१) प्रमुख प्रशासकिय अधिकृतले दिएको आदेशको अवज्ञा गर्ने वा तोकिए बमोजिमको आफ्नो काम/कर्तव्य पूरा नगर्ने नगर प्रहरी कर्मचारीलाई नसिहत दिईनेछ ।

(२) उपदफा (१) बमोजिम १ वर्षमा ३ पटक भन्दा वढी नसिहत पाएका नगर प्रहरी कर्मचारीलाई प्रक्रिया पूरा गरी सेवाबाट हटाईने छ ।

२५. **तलब वा वढुवा रोक्नेः** नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्नति रोक्का गर्न सक्नेछ ।

२६. **तह र तलब घटाउनेः** (१) कुनै नगर प्रहरी कर्मचारीले देहाय बमोजिमको कसूर गरेमा निजलाई १ तह घटुवा गरी सोही घटुवा भएको तहको तलब/भत्ता उपलब्ध गराईनेछ ।

क. सन्तोषजनक काम नगरेमा ।

ख. अनुशासनहीनता गरेमा ।

ग. आचरण सम्वन्धी ऐन उल्लंघन गरेमा ।

घ. नियुक्ति भएको पाँच वर्षभित्रै नोकरीबाट अलग हुन झुठ्ठा विवरण पेश गरेमा ।

ङ. नगरपालिकाले दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा ।

च. मनासिव कारण विना वाविदा स्वीकृत नगराई विदामा वसेमा ।

छ. तोकिए बमोजिमको जिम्मेवारीमा लापरवाही गरेमा वा पूरा नगरेमा ।

२७. **सेवाबाट हटाउने वा बर्खास्त गर्नेः** (१) नगर प्रहरी कर्मचारीले देहायका बमोजिमको कसूर गरेमा सेवाबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

क. अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेमा,

ख. राजनीतिमा भाग लिएमा,

ग. वरावर अनुशासनहीन काम गरेमा,

घ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भएमा,

ङ. कार्यालय समयमा मादक पदार्थ सेवन गरीहिडेमा,

च. प्रचलित कानून बमोजिम भ्रष्टाचारजन्य कसूर गरेमा,

छ. पदिय जिम्मेवारी अनुसारको आचरण नगरेमा,

ज. आचरण सम्वन्धी नियमहरु पटक पटक उल्लंघन गरेमा,

२८. **सजाय सम्बन्धी कार्यविधिः** (१) नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने र गराउन आदेश दिने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(२) नगर प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न लागिएको विषय र सजाय स्पष्ट खुलाई सफाई पेश गर्ने मौका दिनुपर्नेछ । त्यस्तो सफाई पेश गर्ने आदेश दिँदा लगाइएका आरोप स्पष्ट रुपले किटिएको हुनुपर्नेछ । त्यस्तो नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकारीले तोकिएको म्यादभित्र आफ्नो सफाइ र प्रस्तावित सजायको लिखित रुपमा स्पष्टीकरण पेश गर्नुपर्नेछ।

तर भागी पत्ता नलागेको वा सम्पर्क स्थापित गर्न असम्भव भएको नगर प्रहरी कर्मचारीको सम्वन्धमा यस ऐन वमोजिमको ऐनको रीत पुऱ्याउनु पर्ने छैन।

(३) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भइसकेको आधारमा कुनै नगरप्रहरी कर्मचारीलाई सजाय दिनुपर्ने भएमा सजाय गर्ने अधिकारीले निजलाई गर्न लागेको सजायको बारेमा सूचनासम्म दिनुपर्नेछ ।

(४) सफाई पेश गर्ने मौका दिन मनासिव नपर्ने भएमा सो कुराको टिप्पणी खडा गरी त्यस्तो नगर प्रहरी कर्मचारीलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछैन ।

(५) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम वा अन्य कुनै अधिकृतद्धारा जाँचबुझ गराउन सक्नेछ । जाँचवुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित नगर प्रहरी कर्मचारीसमेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ ।

(६) कुनै फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको नगर प्रहरी कर्मचारी थुनिएको अवधिभर स्वतःनिलम्वित हुनेछ ।

तर

क. निलम्वित कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाई पाएमा निजले सो अवधिको चौथाइ तलव पाएको भए सो कट्टा गरी र नपाएको भए पुरै (तलव वृद्धि हुने भएमा सो समेत) पाउने छ । कसुरदार ठहरिएमा निलम्वन भएका मितिदेखिको बाँकी तलव भत्ता पाउने छैन।

ख. कुनै कर्मचारी नगरपालिकाको कामको सम्वन्धमा वा नेपाल सरकारबाट भएको कारवाहीको सिलसिलामा निलम्वन भएको नभई अरु नै कारणबाट निलम्वन रहन गएको रहेछ भने त्यसरी निलम्वन रहेको अवधिको तलव भत्ता पाउने छैन ।

२९. **सजायको आदेश दिनेः** जाँचवुझको काम समाप्त भएपछि सम्वन्धित नगर प्रहरी कर्मचारीलाई स्पष्टीकरण माग गरेकोमा तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा स्पष्टीकरण सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनुपर्नेछ ।

## परिच्छेद — ८

## उपचार खर्च सम्बन्धी व्यवस्था

**३०. उपचार खर्चः** (१) नगर प्रहरी कर्मचारी कामकाजका सिलसिलामा विरामी भएमा औषधि उपचारको लागि देहाय वमोजिम भएको खर्चको रकम नगरपालिकाले उपचार खर्चवापत दिनेछः—

क. अस्पतालमा उपचार गराउँदा लागेको विल वमोजिमको रकम र मान्यता प्राप्त अस्पतालको चिकित्सकले सिफारिस गरे बमोजिमको औषधी खर्च ।

ख. प्लाष्टिक सर्जरी रसरकारी अस्पतालमा अपरेशन गर्दा लागेको बिल वमोजिमको रकम ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर प्रहरी कर्मचारीलाई सेवा अवधिभरमा अधिकृतस्तरको भए ८ महिना र सो भन्दा मुनिको पदको लागि १२ महिना वरावरको तलब रकम एकमुष्ठ उपचार खर्च वापत दिईने छ । यसरी उपलब्ध गराईने रकम सेवाबाट अवकाश हुँदाका वखत उपलब्ध गराईने छ ।

(३) झुट्टा विवरण पेश गरी यस ऐन बमोजिम उपचार खर्च माग गर्ने वा लिने नगर प्रहरी कर्मचारी उपर विभागीय कारवाही गरिनेछ । त्यसरी उपचार खर्च लिई सकेको भए सो रकम समेत सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

## परिच्छेद ९

## तलब, भत्ता

**३१. तलब भत्ताः**(१) नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिदेखि तलब/भत्ता पाउने छ ।

(२) उपदफा (१) बमोजिमको तलव/भत्ता नगर सभाले तोके बमोजिम हुनेछ ।

**३२. तलब वृद्धिः**(१) नगर प्रहरी कर्मचारीलाई एक वर्ष सेवा अवधि पुरा गरेपश्चात एकग्रेड वृद्धि गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको ग्रेड रकम नगर सभाले तोके बमोजिम हुनेछ ।

तर यस्तो तलब वृद्धि वढीमा १० वर्षभन्दा वढी हुनेछैन ।

## परिच्छेद १०

## तालिम

**३३. तालिमको व्यवस्थाः**(१) नयाँ नियूक्ती हुने नगर प्रहरी कर्मचारीलाई वढीमा १५ दिनको तालिम दिई कामकाजमा खटाईनेछ ।

(२) उपदफा (१) बमोजिमको तालिमको पाठ्यक्रम र विधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ११

## पोशाक सम्बन्धी व्यवस्था

**३४. पोशाक भत्ताः**(१) नगर प्रहरीको पोशाकको रंग, किसिम र अन्य विवरण नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम पोशाकको लागि आवश्यक भत्ता नगर सभाले तोके बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिमको भत्ता वर्षको एक पटक उपलब्ध गराईने छ ।

## परिच्छेद १२

## विविध

**३५. सेवा करार सम्बन्धमाः**(१) यस ऐन मा जुनसुकै कुरा लेखिएको भएतापनि करार सेवामा नगर प्रहरी नियूक्ती गर्न कुनै वाधा पर्नेछैन ।

(२) उपदफा (१) बमोजिम नियूक्ती गरिने नगर प्रहरी सेवा सूविधा लगायतका विषय करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

**३६. ऐन संशोधनः** यस ऐनको आवश्यक संशोधन तथा थपघट भीरकोट नगर सभाले गर्ने सक्नेछ।

**३७. नियम तथा कार्यविधि वनाउन सक्नेः** (१) यस ऐन बमोजिम नगर कार्यपालिकाले आवश्यक नियम तथा कार्यविधि वनाई लागू गर्न सक्नेछ ।

आज्ञाले,

नामः धर्म राज ढुंगाना

प्रमुख प्रशासकिय अधिकृत

भीरकोट नगरपालिका